मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

## अनुदानको रासायनिक मलको स्थानिय बिक्रेताको सुचीमा दर्ता गरिएको प्रमाण पत्र नविकरण गर्ने बारेको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०४/०७ ने.स ११४५ दिल्लागा चतुर्दशी

सूचना नं : १-०८२/०८३ (कृषि विकास शाखा)

अनुदानको रासायनिक मल कारोबार गर्ने बिक्रेताहरुले अनुदानको रासायनिक मलको स्थानिय बिक्रेताको सुचीमा दर्ता गरिएको प्रमाण पत्र र डिलरसिप प्रमाण पत्रको म्याद आर्थिक बर्ष संगै समाप्त हुने हुदा बिक्रेताहरुले तपसिलमा उल्लेखित कागजात सहित १५ औं दिन मिति २०८२/०४/२१ गते भित्र नविकरण गर्नको लागि मेलम्ची नगरपालिका कृषि विकास शाखा मेलम्चीमा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः-

१. नविकरण गरिदिने व्यहोराको निवेदन र नविकरण दस्तुर रु. ५००।—राजश्व तिरेको रसिदको प्रतिलिपि।

२.बिक्रेता सहकारीको सञ्चालक समितिको निर्णय (अनुदानको रासायनिक मलको स्थानिय बिक्रेताको सुचीमा दर्ता गरिएको प्रमाण पत्र नविकरणको लागि मेलम्ची नगरपालिकालाई अनुरोध गर्ने र आ.व २०८१/०८२ को मलको कारोबार विवरण प्रमाणित गर्ने सम्बन्धमा)।

३.बिक्रेता सहकारीको सञ्चालक समितिको निर्णय (बिक्रेता डिलरसिप प्रमाण पत्र नविकरणको लागि कृषि सामाग्री कम्पनी लिमिटेड, शाखा कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड, शाखा कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकलाई अनुरोध गर्ने सम्बन्धमा)।

४.अनुदानको रासायनिक मलको स्थानिय बिक्रेताको सुचीमा दर्ता गरिएको प्रमाण पत्रको सक्कल प्रमाण पत्र र साल्ट र कृषि सामाग्रीको डिलरसिप प्रमाणपत्रको प्रतिलिपि।

५.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

६. सहकारी शाखाको सहकारी सक्रिय रहेको व्यहोराको पत्रको प्रतिलिपि।

७. आ.व २०८०/८१ को करचुक्ता प्रमाणपत्र र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि।

८.आ.व २०८१/८२ को कारोबार विवरण देहायको ढाँचामा।

| खरिद मिति | बिल नं | कृषि सामाग्री कम्पनी लिमिटेड | | | | साल्ट टेडिङ्ग कर्पोरेशन लिमिटेड | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | युरीया (बोरा) | डि.ए.पी (बोरा) | पोटास (बोरा) | अन्य(बोरा) | युरीया (बोरा) | डि.ए.पी (बोरा) | पोटास(बोरा) | अन्य (बोरा) |
| | | | | | | | | | |

..............................

(अमरनाथ आचार्य)

सहायक माटो विज्ञ